# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
Bhratpur, Chitwan, Nepal


प.सं. २०७७/०७८
च.नं. 2908

सुचना नं. BHR/022/077/078

**डिजिटल डिस्प्ले बोर्ड ,बिज्ञापन होर्डिङ्ग बोर्ड ,घर सटरभित्ता एवं व्यवसाय स्थलमा राखिएका फुटकर , विज्ञापनहरुको विज्ञापन कर संकलन बारे ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हानको सुचना।**

प्रथम पटक अनलाईन सूचना प्रकाशित मिति २०७७/०८/१९

भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, भरतपुरले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (सशोधित समेत) को दफा ५ को (घ) मा विज्ञापनको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने अधिकार दिएको छ । बागमती प्रदेश आर्थिक ऐन, २०७७ को दफा ५ ले समेत विज्ञापन करको दर तोक्ने तथा उठाउने अधिकार स्थानिय तहलाई दिएको छ ।उक्त कार्यका लागि भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा ८ को अनुसूची ७ मा उल्लेख भएको दररेटका आधारमा भरतपुर महानगरपालिकाको (मुख्य व्यापारीक क्षेत्रहरु, राष्टिय राजमार्ग तथा सहायक राजमार्ग) बाहेकका क्षेत्रमा रहेका घरका सटर, भित्ता, सवारी साधन एवं व्यवसाय स्थलमा राखिएका फुटकर विज्ञापनहरु **डिजिटल डिसप्ले बोर्ड ,विज्ञापन होर्डीङ्गबोर्ड तथा बिधुतीय प्रचार सामाग्री सम्बन्धी मापदण्ड, २०७७ ,तथा कार्यालयबाट तोकीएका अन्य शर्तहरु बमोजिम** विज्ञापन कर संकलनको कार्य ,E-Bidding तथा ठेक्का बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्न रीतपूर्वक ३०(तीस) दिने शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयको WWW.bolpatra.gov.np बाट बोलपत्र Download तथा Upload गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र फाराम खरिद दस्तुर यस कार्यालयको राजस्व शाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको रा.वा.बैक, भरतपुरस्थित हि.नं १३१०१००३०१०१०००२ मा जम्मा गरेको भौचर बोलपत्र कागजात साथ Upload गर्नुपर्नेछ । बोलपत्रदाताले आफूले कबोल गरेको अकको १० प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, भरतपुर स्थित हि.नं १३१०१००३०३००००२ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त “क” श्रेणीको कुनै वाणिज्य बैकको कम्तीमा १२०(एक सय बीस ) दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी बैंक ग्यारेण्टी संकलन गरी खाम बाहिर कुन ठेक्काको लागि पेश गरेको हो, सो स्पष्ट खुलाई बोलपत्र ३१ औ दिनको १२ बजेभित्र दर्ता गरिसक्नु पर्नेछ ।योग्यतापुगेका ईच्छुक फर्म वा कम्पनीले देहाय बमोजिमका शर्तहरुका अधिनमा रही तोकीएका मिति र समयभित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| आय ठेक्का.नं | न्यूनतम कबोल रकम(भ्याट बाहेक) | | | | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| Metro/Bhr/o/NCB/34/077/078 | आ.बः ०७७/७८ | आ.ब ०७८/७९ | आ.ब ०७९/८० | जम्मा रु. | रु.३०००/- |
| | ४८,००,०००/- | ५७,६०,०००/- | ६९,१२,०००/- | १,७४,७२,०००/ | |

थप जानकारीका लागि www.bharatpurmun.gov.np हेर्न सकिनेछ ।

२०७७/८/१८

महेन्द्र प्रसाद पौडयाल
निमित्त प्रमुख प्रशासकीय अधिकृत


056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np

(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)
“मध्य नेपालको सुन्दर शहर; समृद्ध र सु संस्कृत भरतपुर महानगर”